# नेपालका संरक्षित क्षेत्रहरुमा दिगो पर्यटन अभिवृद्धि
# (STENPA)

## वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF)

### कार्यकारी सारांश



**राष्ट्रियप्रकृतिसंरक्षणकोष**

पोष्ट बक्स नं. ३७१२, खुमलटार, ललितपुर, नेपाल

बैशाख २०७७

# कार्यकारी सारांश

**१.आयोजना विवरण:** नेपालको दिगो आर्थिक विकासमा योगदान गर्ने महत्वपूर्ण क्षेत्रहरुमध्ये पर्यटन एक हो । सन् २०१७ मा पर्यटन क्षेत्रले राष्ट्रिय कूल ग्राहस्थ उत्पादनमा ४ प्रतिशत योगदान गरेको थियो भने प्रतिबर्ष ३.८ प्रतिशतले हुँदै सन् २०२८ मा ४.२ प्रतिशत पुग्ने पूर्वानुमान गरिएको छ *(वर्ल्ड ट्राभल एण्ड टुरिजम काउन्सिल, २०१८)* । पर्यटन क्षेत्रबाट आर्थिक विकास गर्न सकिने प्रचुर सम्भावना भए तापनि नेपाल एउटा कम खर्चिलो (Low Cost)पर्यटकीय गन्तव्यको रुपमा रहँदै आएको छ । क्षेत्रीय औसतको तुलनामा यहाँ पर्यटकले गर्ने दैनिक खर्च ज्यादै न्यून छ । त्यसैले नेपालले प्रकृतिमा आधारित पर्यटनको विकास तथा उपयोग गरी यसबाट उच्चतम लाभ प्राप्त गर्नुपर्ने समय आएको छ ।

प्रकृतिमा आधारित पर्यटन (Nature Based Tourism) नेपालको पर्यटन क्षेत्रलाई अघि बढाउने एउटा प्रमुख साधन (Driver) हो र यसले भौगोलिक, जैविक तथा सांकृतिक विविधताले भरिपूर्ण रहेको मुलुकको अद्वितीय वातावरणमा यस क्षेत्रलाई तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभ प्रदान गर्नेछ । यसै सन्दर्भमा विश्व बैंकले "नेपालका संरक्षित क्षेत्रहरुमा दिगो पर्यटन अभिवृद्धि" (Sustainable Tourism Enhancement in Nepal's Protected Areas)नामक आयोजनालाई सहायता प्रदान गरेको छ । नेपाल सरकारले आयोजना तयारीका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषलाई जिम्मेवार प्राविधिक निकाय तोकेको छ । यस आयोजनाले नेपालको प्रकृतिमा आधारित पर्यटनलाई लक्षित गर्दै प्रथम समूह (First Batch) अन्तर्गत पाँचवटा संरक्षित क्षेत्रमा गन्तव्य विकास तथा एकीकृत पर्यटन विकास कार्यक्रम समावेश गरेको छ । ती संरक्षित क्षेत्रहरु पहाड तथा हिमालमा अन्नपूर्ण र मनास्लु, र पश्चिम तराईमा बर्दिया, बाँके र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज रहेका छन् ।

यस आयोजना विकासको उद्देश्य छानिएका गन्तव्यहरुमा मूल्य सिर्जना (Value Creation), दिगोपना कायम र पर्यटन क्षेत्र अभिवृद्धि गर्न अनुकूल वातावरण बनाउनु रहेको छ। आयोजनाका चारवटा कम्पोनेन्ट (खण्ड) छन् ।

कम्पोनेन्ट (खण्ड)-१: प्रकृतिमा आधारित पर्यटन व्यवस्थापन तथा सहयोग लागि क्षमता विकास,

कम्पोनेन्ट (खण्ड)-२: प्रकृतिमा आधारित पर्यटन विविधिकरणका लागि पहुँच पूर्वाधार, वातावरणीय व्यवस्थापन तथा पर्यटन सुविधा अभिवृद्धि,

कम्पोनेन्ट (खण्ड)-३: स्थानीय समुदाय तथा निजि क्षेत्रका आपूर्तिकर्ताहरुले प्रदान गर्दै आएका पर्यटन सेवाको स्तरोन्ती र सामुदायिक सहभागिता सदृढीकरण, र

कम्पोनेन्ट (खण्ड)-४: आयोजना व्यवस्थापन, अनुगमन तथा मूल्यांकन ।

कम्पोनेन्ट (खण्ड)-५: भैपरी आउने आपत्कालीन प्रतिकार्य (CERC) ।

**२. वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) को सिंहावलोकन:** प्राकृतिक तथा सांस्कृतिक सम्पदाको दिगो संरक्षण सुनिश्चित गर्न र आयोजना कार्यान्वयन अवधिमा प्रतिकूल वातावरणीय प्रभाव

हटाई/न्यूनीकरण गरी यसको स्वीकार्य तह कायम गर्न आयोजना तयारीको रुपमा वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा निर्माण गरिएको छ । वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखाले आयोजना क्रियाकलापहरुको योजना तर्जुमा तथा कार्यान्वयनमा वातावरणीय तथा सामाजिक एकीकरण सुनिश्चित गर्न यस क्रममा उपयोग गर्नुपर्ने विभिन्न साधनहरु लगायत यसका चरण, प्रक्रिया, कार्यविधि तथा जिम्मेवारीका सम्बन्धमा स्पष्ट मार्गदर्शन गर्दछ । उक्त वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा विश्व बैंकको वातावरणीय तथा सामाजिक नीति तथा नेपाल सरकारका प्रचलित ऐन नियम बमोजिम तयार पारिएको छ ।

आयोजना विकासका उद्देश्य प्राप्तिका लागि यी चारवटा कम्पोनेन्ट (खण्ड) निर्धारण गरिएको छ। आयोजना अन्तर्गत पहिलो बर्षको लगानीका लागि यी कम्पोनेन्टहरुसँग आबद्ध गराइएका निर्देशात्मक (Indicative) उप-आयोजना क्रियाकलापहरुलाई बनाएर केही नबिग्रने वा पछुताउन नपर्ने (No Regret) क्रियाकलापका रुपमा लिइएको छ । यस अन्तर्गत विभिन्न भौतिक कार्यहरु जस्तैः बैकल्पिक अन्तपूर्ण चक्रीय पदमार्ग, मार्दि हिमाल मार्ग, निलगिरी मार्ग, प्राचिन नुन व्यापार मार्ग र घान्द्रुक-एबीसी-पुन हिल नमुना यात्रा लगायत अन्यका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्नु रहेका छन् । पूर्वाधार कार्यहरुमा विद्यमान प्रवेशद्वार सुधार तथा थप चारवटा प्रवेशद्वार निर्माण गरी बर्दिया राष्ट्रिय निकुन्जको पहुँच बढाउने, प्रवेशमार्ग सहर तथा लक्षित गन्तव्यहरुमा पर्यटक सूचना केन्द्र स्थापना, फोहोर व्यवस्थापन सुविधा र संरक्षित क्षेत्रहरुको पहुँच सुधार गर्ने आदि क्रियाकलापहरु पर्दछन् । यसैगरी, गन्तव्यहरुमा व्यावसायिक क्रियाकलापहरु सञ्चालनका लागि अनुमति जारी गर्ने व्यवस्था लगायतका क्रियाकलापहरु समेत गरिनेछ । उल्लेख्य वातावरणीय तथा सामाजिक प्रभाव पार्ने क्रियाकलापहरुलाई निषेध गरिएको छ र त्यस्ता क्रियाकलापहरु आयोजनाको कार्यक्षेत्रभित्र परेका पनि छैनन् । आगामी बर्षहरुमा गरिने विस्तृत उप-आयोजना क्रियाकलापहरु सम्बन्धित सरोकारवालाहरुसँग बृहत् परामर्श गरी गन्तव्यहरुको प्राथमिकताका आधारमा तयार गरिनेछ । भैपरी आउने आपत्कालीन प्रतिकार्य (CERC)/कम्पोनेन्ट (खण्ड)-५ लाई सक्रिय तुल्याइएकोमा आवश्यकता अनुसार यस वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखालाई अद्यावधिक वा विशिष्ट CERC-ESMF तयार गरी सार्वजनिक गर्न सकिनेछ ।

तालिका १ः प्रकार र कम्पोनेन्ट (खण्ड) का आधारमा मुख्य क्रियाकलापहरुको निर्देशात्मक सूचि

<table>
<tr><td>खण्ड/उपखण्ड</td><td>प्रकारका आधारमा मुख्य क्रियाकलापहरु</td><td>खण्डको उद्देश्य</td></tr>
<tr><td colspan="3"><u>खण्ड १ः प्रकृतिमा आधारित पर्यटन व्यवस्थापन तथा सहयोग लागि क्षमता विकास</u></td></tr>
<tr><td>उपखण्ड १.१ः गन्तव्य व्यवस्थापन क्षमता तथा समन्वय अभिवृद्धि</td><td>आयोजना गन्तव्यहरुमा पर्यटन लगानी योजना एकीकृत पर्यटन विकास गुरुयोजना (आईटिडिपी) नामक लैंगिक समावेशी योजनाको पुनरावलोकन तथा विकास, क्षेत्र निर्धारण योजना ( ल्यान्ड जोनिङ प्लान), भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिसिएफ) प्रणालीको स्थापना र सरोकारवालाहरुको क्षमता विकास ।</td><td rowspan="2">• पर्यटन सम्भावनाको व्यवस्थापन तथा बजारीकरणका लागि समन्वित र एकीकृत पद्धति प्रवर्द्धन गर्ने ।<br>• पर्यटन सम्भापना रणनीतिक रुपमा दिगोपना र उच्च मूल्यतर्फ अग्रसर भएको सुनिश्चित गर्ने ।</td></tr>
<tr><td>उपखण्ड १.२ः राष्ट्रिय पर्यटन नीति र योजनामा प्रकृतिमा आधारित पर्यटन समायोजन</td><td>राष्ट्रियस्तरको रणनीतिक योजना, अनुगमन र समन्वय सुदृढीकरण, छानिएका केही साना विमानस्थल तथा हेलिप्याडहरुमा सेवा र सञ्चालन स्तरोन्नती, पर्यटन ऐनको पुनरावलोकन गर्न, अनुकूल बनाउन र कार्यान्वयनमा सहयोग, नियमावली कार्यान्वयन, छरिएर रहेका तथ्यांकको संकलनमा सुधार, लिंग तथा जात/जातीयका आधारमा तथ्यांक र अनुसन्धान, संरक्षित क्षेत्र तथा निकुञ्जहरुको ब्रान्डिङ र बजारीकरण ।</td></tr>
<tr><td colspan="3"><u>खण्ड २ःप्रकृतिमा आधारित पर्यटन विविधिकरणका लागि पहुँच पूर्वाधार, वातावरणीय व्यवस्थापन तथा पर्यटन सुविधा अभिवृद्धि</u></td></tr>
<tr><td>उपखण्ड २.१ः पहुँच पूर्वाधार अभिवृद्धि</td><td>लक्षित पर्यटन गन्तव्यभित्र रहेका विद्यमान सडकहरुको पुनर्स्थापना तथा मर्मतसम्भार (जस्तैः राष्ट्रिय निकुञ्ज सडक, प्रदेश तथा नगर सडक, लास्ट माइल कनेक्सन, प्रवेशद्वार सहर तथा नगरपालिकाहरु लगायत आयोजना क्षेत्रमा लैंगिक समावेशिता तथा सबैको पहुँचमा आधारित रही सार्वजनिक यातायात सुधारका लागि साना सुविधाहरुको विकास) ।</td><td rowspan="3">• पर्यटन क्रियाकलापहरुका लागि सामिप्यता, सम्पर्कता, वातावरणीय दिगोपना, सुरक्षा, तथा वातावरणीय दिगोपनामार्फत दिगो पर्यटन गन्तव्यका रुपमा आयोजना गन्तव्यहरुको समग्र गुणस्तर अभिृद्धि गर्ने ।<br>• भावि पुस्ताका लागि प्राकृतिक सम्पतीहरुको संरक्षण गर्दै पर्यटनको दिगोपनामा सुधार ल्याउने ।<br>• आयोजना गन्तव्यहरुमा प्रकृतिमा आधारित पर्यटन पूर्वाधार विकास तथा विविधिकरण गर्ने, विभिन्न पर्यटकीय खण्डहरुमा विविधता ल्याई विद्यमान पूर्वाधारहरुमा हुने पर्यटकको चाप घटाउने ।</td></tr>
<tr><td>उपखण्ड २.२ः वातावरणीय व्यवस्थापन सुधार</td><td>महिला तथा स्थानीय समुदायलाई प्राथमिकता दिई लैंगिक उत्तरदायी साना सरसफाई सुविधाहरु जस्तैः फोहोर प्रशोधन, संकलन, साना गोबर ग्याँस तथा जैविक मल प्लान्ट निर्माण, फोहोर बिसर्जनस्थलको पुनर्स्थापना तथा स्तरोन्नती, फोहोर पानी प्रशोधन तथा अनुगमन, प्लाष्टिकको जैविक इन्जिनियरिङ कार्य/पुनःप्रशोधन/प्रयोग घटाउने, स्थानीय सरकार तथा संरक्षित क्षेत्र व्यवस्थापन अधिकारीहरुको क्षमता विकास ।</td></tr>
<tr><td>उपखण्ड २.३ः प्रकृतिमा आधारित पर्यटन सुविधाहरुको विविधिकरण र सुरक्षा व्यवस्थापन स्तरोन्तरी</td><td>पर्यटक चेकपोष्ट र पर्यटक सूचना प्रणालीको विकास, पदमार्ग, अग्निरेखा, पुल, सडक पार गर्ने सुविधाहरु, सुरक्षित पिउने पानी स्टेशन, क्याम्पसाइट, भ्यु टावर (मचान), विश्राम स्थल, पदमार्ग संकेत तथा सुरक्षा पर्खालहरु (तारजाली लगाउने वा बार बार्ने) निर्माण/जिर्णोदार, पर्यटन उत्पादन तथा वस्तुहरुको विविधिकरणका लागि वन्यजन्तु दृश्यावलोकन गर्ने सुरक्षित स्थानहरु, भ्यू टावर र अन्य साना पूर्वाधारहरुको निर्माण तथा जिर्णोद्धार ।</td></tr>
</table>

| | | |
|---|---|---|
| **खण्ड ३:स्थानीय समुदाय तथा निजि क्षेत्रका आपूर्तिकर्ताहरुले प्रदान गर्दै आएका पर्यटन सेवाको स्तरोन्न्ती र सामुदायिक सहभागिता सदृढीकरण** | | |
| उपखण्ड ३.१: प्रकृतिमा आधारित पर्यटन सेवाहरुमा स्थानीय श्रमशक्तिको सीप अभिवृद्धि । | सरोकारवालाहरुको नियम तथा निर्देशिका तर्जुमा, कार्यान्वयन र लागू, सम्भव भएका स्थानमा अनुदानमार्फत व्यावसायिक क्रियाकलापहरुमा महिलाहरुलाई सहजीकरण गरी त्यसका लागि अनुमति तथा इजाजत प्रदान गर्ने व्यवस्था । | • पर्यटन उद्यमका लागि नियमनकारी तथा प्रोत्सान संरचना अभिवृद्धि गर्ने ।<br>• निजी स्थानीय प्रदायकहरुले संरक्षित क्षेत्र र आसापासका प्राकृतिक क्षेत्रहरुमा उपलब्ध गराउने पर्यटन सेवाहरुको गुणस्तर र विविधतामा सुधार ल्याउने । |
| उपखण्ड ३.२: पर्यटनमा स्थानीय समुदायहरुको सेवा तथा सहभागिता स्तरोन्नती, विविधिकरण र सुदृढीकरण । | प्रकृतिमा आधारित पर्यटन विकासमा सहयोग पुऱ्याउने सञ्जालहरुको स्थापना, बिडिएसको तयारी, लक्षित क्षेत्रहरुमा लघु, साना तथा मझौला उद्यम सञ्चालनमा सहयोग, महिलाहरुलाई प्राथमिकता दिई पर्यटन मूल्य शृंखलासहित बजार सम्पर्क स्थापनामा सुधार र पर्यटनसँग सम्बन्धित गुणस्तर अनुपालनामा सहयोग । | |
| **खण्ड ४:आयोजना व्यवस्थापन, अनुगमन तथा मूल्यांकन** | | |
| | जिम्मेवार व्यवस्थापन, गुण नियन्त्रण र वातावरणीय तथा सामाजिक सुरक्षण (सेफगार्ड) व्यवस्थापन लगायत आयोजना क्रियाकलापहरु समन्वित रुपमा समयमै सम्पन्न हुने सुनिश्चित गर्दै सबै तहमा लैंगिक सन्तुलन टोली निर्माण गरी आयोजना व्यवस्थापनमा सहयोग गर्ने । | |

**३. नीतिगत तथा नियमनकारी संरचना:** वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखाले आयोजना कार्यान्वयनका लागि नेपाल सरकारका प्रचलित नीति तथा कानूनी संरचना र विश्व बैंकको लागू हुने सुरक्षण नीतिहरु (सेफगार्ड पोलिसीज) को लेखाजोखा गर्दछ । यस आयोजनामा ओपी ४.०१ वातावरण मूल्यांकन, ओपी ४.०४ प्राकृतिक बासस्थान, ओपी ४.३६ वन, ओपी ४.११ भौतिक सांस्कृतिक सम्पदा, ओपी ४.१२ अस्वेच्छिक पूनर्वास, ओडी ४.११ आदिवासी जनता, र ओपी/ओडी लैंगिक तथा विकास आकर्षित हुन्छन् । सान्दर्भिक नेपाली ऐन नियम र विश्व बैंकका सुरक्षण नीतिहरुबीच तुलना समेत गरी तिनीहरुमा रहेका रिक्तता (ग्याप) लाई सम्बोधन गर्न सुझाव दिइन्छ । तिनीहरुमा रहेका मुख्य रिक्तता देहाय बमोजिम छन्:

(अ) वातावरण संरक्षण ऐन बमोजिम उप-आयोजनाको योजना तथा कार्यान्वयन गर्नुपूर्व प्रभावहरुको विस्तृत जाँच/लेखाजोखा गर्नुपर्ने व्यवस्था नरहेको,

(आ) भौतिक सांस्कृति सम्पदाहरुमा पर्ने प्रभावका बारेमा सम्बन्धित निकायहरुको स्वीकृती लिनुपूर्व वातावरणीय तथा सामाजिक मूल्यांकन गर्नुपर्ने विषय वातावरण मूल्यांकन नियमावलीमा उल्लेख नभएको,

(इ) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा प्रभावित आदिवासी जनताको स्वतन्त्र, पूर्व र सुसूचित सहमति (FPIC) लिनुपर्ने व्यवस्था नसमेटिएको,

(ई) सरकारको कानूनी संरचनामा “आयस्रोतमा पुगेको क्षतिबापत” “क्षतिपूर्ति” को स्पष्ट परिभाषा नभएको, र

(उ) नेपालको नियमनकारी व्यवस्थामा उल्लेख गरिएको ३३ प्रतिशत महिला सहभागिता “समान पहुँच” को सिद्धान्तसँग बाझिन सक्ने.

**४. सम्भावित वातावरणीय तथा सामाजिक प्रभाव र न्यूनीकरणका उपायहरुः** यस प्रस्तावित आयोजनालाई “ख बर्ग” मा राखिएको छ र संवेदनशील, विविधतापूर्ण तथा भिन्न वा अद्वितीय वातावरण, मानिस र समुदायलाई प्रतिकूल वातावरणीय तथा सामाजिक प्रभाव पार्ने उच्च जोखिमयुक्त कुनै पनि क्रियाकलाप यसमा समेटिएको छैन । यद्यपि आयोजना क्रियाकलापहरु विशेषगरीः निर्माण कार्यले केही प्रतिकूल वातावरणीय तथा सामाजिक प्रभाव पार्न सक्छ । त्यसैले यसको न्यूनीकरण तथा व्यवस्थापनका लागि आयोजनाले उपयुक्त उपायहरु अवलम्बन गर्नुपर्ने हुन्छ । आयोजनाको सहयोगमा संरक्षण क्षेत्र साथै निकुञ्ज र मध्यवर्ती क्षेत्रहरुमा गरिनुपर्ने निर्माण कार्यहरुमा सडक, पदमार्ग, मनोरम दृश्यालोकन मार्ग र फोहोर व्यवस्थापन जस्ता विभिन्न भौतिक सुविधाहरुको निर्माण तथा पुनर्स्थापना, फोहोर बिससर्जनस्थल स्तरोन्नती, जैविक इन्जिनियरिङ कार्य र अन्य सुविधाहरुको निर्माण तथा विकास पर्दछन् । सावधानीपूर्ण योजनाबिना निर्माण कार्य गरिएमा यसले पहिरो, भूस्खलन, निर्माणजन्य फोहोरको अव्यवस्थित बिसर्जन, किटजन्य रोगहरुको संक्रमण, पानीजन्य रोगको फैलावट, जैविक विविधता र संरक्षित जीवजन्तुमा ह्रास, ध्वनी तथा वायु प्रदुषण जस्ता गम्भीर वातावरणीय परिणाम निम्त्याउन सक्छ । आयोजना निर्माणपछि होटेल वा बस्ती बिस्तारका कारण फोहोर तथा प्रदुषण, नयाँ किसिमका प्रदुषकहरु (प्लाष्टिक), अतिक्रमण तथा भूउपयोगमा परिवर्तन जस्ता प्रभावहरु समेत पर्ने अनुमान गरिएको छ । यसैगरी, आयोजना क्रियाकलापबाट जमीन तथा आवास, जिविकोपार्जनका स्रोत तथा सामुदायिक सुविधाहरुमा हानी नोक्शानी, बालश्रमको प्रयोग, श्रम र ज्याला भुक्तानीमा विभेद हुने र आदिवासी तथा जोखिमयुक्त मानिसहरुमा प्रतिकूल सामाजिक प्रभाव पर्नसक्ने सम्भावना रहेको छ । नेपाल सरकार र विश्व बैंकका कानूनी तथा नीतिगत संरचना बमोजिम तयार गरिएको यस वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखाले उपरोक्त प्रभावहरुका लागि आयोजनाले पालना गर्नुपर्ने न्यूनीकरणका उपायहरुसहित उपयुक्त योजना बनाउन पूर्ण मार्गदर्शन गर्दछ ।

**५. पूनर्वास नीतिगत संरचनाः** अस्वेच्छिक पूनर्वासका कारण पर्न सक्ने प्रतिकूल प्रभाव निराकरण, कम तथा न्यूनीकरण गर्ने पूर्वसावधानी साधनका रुपमा पूनर्वास नीतिगत संरचना तयार पारिएको छ । विश्व बैंकले लगानी गरेका आयोजना, जग्गाको अस्वेच्छिक अधिग्रहण, कानून बमोजिम तोकिएका निकुञ्ज तथा संरक्षित क्षेत्रको प्रवेशमा गरिएको बन्देजका मानिसहरुको जिविकोपार्जनमा परेको प्रतिकूल प्रभावबाट उनीहरुमा पर्ने प्रत्यक्ष आर्थिक तथा सामाजिक प्रभावहरुलाई यस नीतिगत संरचनाले समेटेको छ । यस नीतिगत संरचना अनुसार विस्थापित व्यक्तिहरुलाई आफ्नो जिविकोपार्जन तथा जीवनस्तर सुधार गर्ने वा कम्तीमा आयोजनाका कारण विस्थापन हुनुपूर्वकै अवस्थामा पुऱ्याउने उनीहरुको प्रयास (जुन बढी हुन्छ त्यही) मा सहयोग प्रदान गरिनेछ । यस नीतिगत संरचना बमोजिम कुनै कानूनी अधिकार नभएका (जस्तैः अधियादार/अतिक्रमणकारी/सुकुम्बासी) लगायत आयोजना प्रभावित सबै व्यक्तिहरु प्रतिस्थापन मूल्यमा

क्षतिपूर्ति प्राप्त गर्न योग्य हुनेछन् । यस नीतिगत संरचनाले प्रभावित समूहहरुसँग नियमित परामर्श गर्नुपर्नेमा जोड दिनुका साथै जोखिमयुक्त समूह/आदिवासी जनताहरु आयोजना क्रियाकलापबाट प्रभावित हुने अवस्थामा उनीहरुको स्वतन्त्र, पूर्व र सुसूचित सहमति (FPIC) लिनुपर्ने अनिवार्य व्यवस्था गरेको छ । प्रभावित व्यक्तिहरुलाई निश्पक्ष ढंगबाट क्षतिपूर्ति तथा अन्य सुविधाहरु उपलब्ध गराउन सम्पत्ति वा जायजेथाको मूल्यांकन महत्वपूर्ण हुन्छ । उक्त प्रक्रियामा जग्गा तथा जायजेथाको प्रचलित बजार मूल्यलाई आधार मान्नु पर्दछ । पूनर्वास नीतिगत संरचनाको एक महत्वपूर्ण भागको रुपमा एउटा विस्तृत हक अधिकार सम्बन्धी तालिका (Entitlement Matrix) बनाइएको छ । सो तालिकामा सम्भावित प्रभावहरु, हक अधिकार प्राप्तिका लागि आवश्यक योग्यता र प्राप्त हुने हक अधिकार आदि स्पष्ट उल्लेख गरिएको छ जसले प्रभाव न्यूनीकरण तथा आयोजना प्रभावित मानिसहरुको जिविकोपार्जनमा सुधार गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्दछ ।

**६. जोखिमयुक्त समुदाय विकास रुपरेखाः** आयोजन कार्यान्वयनका क्रममा यसले आदिवासी तथा जोखिमयुक्त मानिसहरुमा सकारात्मक र नकारात्मक/प्रतिकूल दुवै प्रभाव पार्न सक्छ । सकारात्मक प्रभावले जोखिमयुक्त मानिसहरुको जिविकोपार्जनमा सुधार ल्याउन योगदान गर्नेछ भने नकारात्मक प्रभावितले उनीहरुलाई अझ बढी गरिबीतर्फ लैजानेछ । आयोजना क्रियाकलापहरु आदिवासी जनता तथा दलित लगायत गरिब र जोखिमयुक्त समूहहरुका आवश्यकता र आकांक्षा अनुरुप सञ्चालन गरिएन भने उनीहरुमा विभेदपूर्ण प्रभाव परी जिविकोपार्जनमा थप कठिनपूर्ण समस्या पर्न सक्छ ।

दिगो पर्यटन तथा मूल्य सिर्जना आयोजना (Sustainable Tourism and Value Creation Project) अन्तर्गत सहायता प्रदान गरिने आयोजना/उप-आयोजनाहरुमा कार्यान्वयन गर्न जोखिमयुक्त समुदाय विकास रुपरेखा तयार पारिएको छ । यस रुपरेखाले जोखिमयुक्त मानिसहरुमा पर्ने आयोजना प्रभाव पहिचानका व्यवस्थित प्रक्रिया निर्माण, अर्थपूर्ण परामर्श, सहभागिता र सूचना सार्वजनिकीकरण कार्यमा मार्गदर्शन प्रदान गर्दछ । साथै यस रुपरेखाले सांस्कृतिक रुपमा उपयुक्त सहायताका उपायहरुको खाका तयार गरी लक्षित समूहहरुलाई उनीहरुका प्राथमिकता र आवश्यकता बमोजिम सहयोग उपलब्ध गराउँदछ । यस अन्तर्गत लैंगिक विकासलाई आयोजनामा मूलप्रवाहीकरण गर्दै लैंगिक विकास योजना (GDP) को ढाँचा तयार पार्न लैंगिक विकासको रुपरेखा समेत तर्जुमा गरिन्छ ।

आयोजनाको प्रकृतिका कारण यसले आयोजना क्षेत्रमा लैंगिक तथा लैंगिक हिंसा सम्बन्धी थुप्रै सवाल निम्त्याउने सम्भावना पनि उत्तिकै छ । सडक, पदमार्ग, होटेल, लज जस्ता अनेक पूर्वाधारहरुको निर्माण कार्यमा स्थानीय तथा बाह्य दुवैथरी महिला कामदारहरु संलग्न हुँदा निर्माणस्थलमा विभिन्न प्रकारका लैंगिक सवाल तथा हिंसा हुन सक्ने अनुमान गर्न सकिन्छ । यस बाहेक पर्यटनसँग सम्बन्धित विभिन्न सेवा तथा पदयात्रा, होटेल, रेष्टुराँ जस्ता व्यावसायिक क्रियाकलापहरुमा महिला पथप्रदर्शक, महिला श्रमिक तथा व्यवसायीहरु संलग्न रहने भएकोले उनीहरु महिला हिंसा र यौन पर्यटनको उच्च जोखिममा पर्न सक्ने देखिन्छ । बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भारतीय खुला सीमानाको निकट रहेका कारण नेपालबाहिर बालिकाहरु तथा बाल श्रमिकहरुको तस्करी तथा ओसारपसारको थप जोखिम बढ्ने सम्भावना छ । त्यसैले यी सम्भावित विषयहरुलाई ध्यानमा राखी र लैंगिक हिंसा जोखिम मूल्यांकनका आधारमा सम्बोधन गर्न विश्व बैंकको "Good Practice Note" बमोजिम विभिन्न काम कारबाहीहरु गर्न सुझाव दिइएको छ । यसैगरी, लैंगिक विकासलाई आयोजनासँग मूलप्रवाहीकरण गर्न एउटा लैंगिक रुपरेखा तयार पारिएको छ । उक्त रुपरेखाले लैंगिक विकास योजना (जिडिपी) बनाउन मार्गदर्शन गर्दछ ।

**७. परामर्श, सञ्चार र नागरिक सहभागिता:** यस आयोजना अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरुको प्रभावकारी योजना तथा कार्यान्वयनका लागि अर्थपूर्ण परामर्श र सञ्चार आवश्यक पर्दछ । उप-आयोजना तहका रुपमा यिनीहरु क्रियाकलापहरुको योजना, डिजाइन र कार्यान्वयनका अभिन्न अंग हुन् जुन विभिन्न किसिमबाट आयोजनाका लागि उपयोगी हुन्छन् । मानिसहरुलाई आयोजनाका बारेमा जानकारी तथा सूचना प्रदान गर्न, उनीहरुका चासो र चिन्तालाई सम्बोधन गर्न तथा उनीहरुसँग रहेको ज्ञानलाई उप-आयोजनाको योजना तथा कार्यान्वयनमा समाहित गर्न यिनीहरुको विशेष भूमिका हुन्छ । यस परिच्छेदले देहाय सम्बन्धी रुपरेखा प्रदान गर्दछ:

(अ) सरोकारवालाहरुको पहिचान र परामर्शको अनुक्रम/तह,
(आ) परामर्श रणनीति,
(इ) भविष्यको आश्वासन,
(ई) सञ्चार रणनीति, र
(उ) नागरिक सहभागिता ।

यसले कोभिड-१९ जस्ता संक्रामक रोग वा कम्पोनेन्ट (खण्ड)-५ मा उल्लेखित आपत्कालीन प्रतिकार्यको परिणाम स्वरुप सार्वजनिक परामर्श सञ्चालन गर्न बाधा व्यवधान परेको अवस्थामा परामर्श तथा सरोकारवालाहरुको सहभागिता सम्बन्धी रणनीतिको खाका समेत तयार गर्दछ ।

**८. गुनासो व्यवस्थापन संयन्त्र:** आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन सोही बमोजिम गुनासो सुनुवाई र व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । प्रस्तावित आयोजनामा गुनासो व्यवस्थापन संयन्त्र खडा गरिनेछ जहाँ कुनै पनि व्यक्ति वा समूहले निष्पक्ष निर्णय र कारबाहीको अपेक्षा गर्दै आफ्ना गुनासाहरु दर्ता गराउन सक्नेछ । यस संयन्त्रमा इकाईदेखि उप-आयोजना र आयोजना व्यवस्थापन इकाई (PMU) तह सम्मका विभिन्न समिति रहने गरी संरचना तयार हुनेछ । यी सबै समितिहरु तोकिएकै समयमा गुनासो दर्ता, पुनरावलोकन, निर्णय र सुनुवाई जस्ता कार्यहरु जिम्मेवार हुनेछन् ।

**९. वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) को कार्यान्वयनका लागि संस्थागत व्यवस्था:** केन्द्रीय स्तरमा वन तथा वातावरण मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आयोजना कार्यान्वयन निकायका रुपमा रहनेछन् । यी दुई मन्त्रालयले आफ्ना सम्बन्धित विभागहरुसँग समन्वय गरी काम गर्नेछन् । ती विभागहरुमा वन तथा वातावरण मन्त्रालय अन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत पर्यटन विभाग र नेपाल पर्यटन बोर्ड छन् । पर्यटन विभाग र नेपाल पर्यटन बोर्डमा कार्यान्वयन इकाईहरु (IUs) रहनेछन् । त्यहाँ प्रदेश तथा स्थानीय तहका समकक्षीहरुसँग मिलेर काम गर्ने स्थलगत कार्यान्वयन इकाईहरु (Field Implementation Units)समेत रहनेछन् । वन तथा वातावरण मन्त्रालयको मार्गदर्शन र सुपरीवेक्षणमा स्थलगत (फिल्ड) तहमा आयोजना कार्यान्वयन गर्न राष्ट्रिय प्रकृति संरक्षण कोष जिम्मेवार हुनेछ । केन्द्रीय स्तरमा वन तथा वातावरण मन्त्रालयका सहसचिवको नेतृत्वमा राष्ट्रिय प्रकृति संरक्षण कोषमा एक आयोजना व्यवस्थापन इकाई (PMU) रहनेछ ।

सुरक्षण योजनाहरुको (Safeguards Plans) को कार्यान्वयनका लागि आयोजना कार्यान्वयन इकाई जिम्मेवार हुनेछ । उप-आयोजना क्रियाकलापहरुको कार्यान्वयन अन्तर्गत विस्तृत वातावरणीय तथा सामाजिक मूल्यांकनको आवश्यकता निर्धारण गर्न वातावरणीय तथा सामाजिक जाँच/परीक्षण कार्य रहेको छ । सो मूल्यांकनले निर्दिष्ट गरे बमोजिम उपयुक्त सुरक्षण उपकरणहरु (Safeguard Instruments) जस्तैः वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना(ESMP), प्रारम्भिक वातावरणीय परक्षिण (IEE), पूनर्वास कार्ययोजना (RAP), जोखिमयुक्त समुदाय विकास योजना (VCDP) आदि तयार पारेर उप-आयोजना डिजाइनमा सामाहित गरी कार्यान्वयन गरिनेछ । गन्तव्यमा रहेका स्थलगत कार्यान्वयन इकाई (Field Implementation Unit) का छुट्टै (Dedicated) टोलीले सुरक्षण आवश्यकताहरुको नियमित अनुगमन तथा मूल्यांकन गर्नेछन् । आयोजना व्यवस्थापन इकाई (PMU) का अनुगमन तथा मूल्यांकन र सुरक्षण (Safeguard) टोली आवधिक सुपरीवेक्षण तथा अनुगमन गर्नेछन् । प्रमुख सुरक्षण (Safeguard) कार्यहरुमा सुरक्षण सम्बन्धी निर्देशिका तयार, स्थलगत कर्मचारीहरुलाई अभिमुखीकरण प्रदान, मूल्यांकन तथा लेखाजोखा, वातावरणीय तथा सामाजिक सुरक्षण योजना तयार, कार्यान्वयन तथा अनुगमन गर्ने लगायत गर्दछन् ।

**वातावरणीय तथा सामाजिक(E&S) सुरक्षण योजनाः** वातावरणीय तथा सामाजिक योजना (E&S) स्थलगत तहमा सबै उप-आयोजनाका लागि कार्यान्वयन गरिनेछ । यस अन्तर्गत देहाय बमोजिम प्रक्रियाहरु समावेश हुनेछन्ः

(अ) विस्तृत वातावरणीय तथा सामाजिक जाँच/परीक्षणका लागि स्थलगत भ्रमणपछि डेस्क समीक्षा गर्ने,
(आ) वातावरणीय तथा सामाजिक जाँच/परीक्षण प्रतिवेदन तयार गरी आयोजना व्यवस्थापन इकाई (PMU) समक्ष पेश गर्ने,
(इ) वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP), सामाजिक योजनाहरु जस्तैः पूनर्वास कार्ययोजना (RAP), जोखिमयुक्त समुदाय विकास योजना (VCDP), लैंगिक कार्ययोजना (GAP) तयार गरी सुरक्षणका विषयहरु डिजाइन र बोलपत्रमा समावेश भए नभएको गर्ने,
(ई) सम्बन्धित निकायबाट योजना स्वीकृत गराउने, र
(उ) वातावरणीय तथा सामाजिक सुरक्षण उपायहरुको कार्यान्वयन तथा अनुगमन गर्ने ।

वातावरणीय तथा सामाजिक योजना र कार्यान्वयनको समग्र जिम्मेवारी आयोजना व्यवस्थापन इकाई (PMU) मा निहित रहनेछ । बर्दिया र पोखरामा दुईवटा स्थलगत कार्यान्यन इकाईहरु (Field Implementation Units) रहनेछन् । बर्दियाको FIU ले बर्दिया, बाँके र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका समाजिक तथा वातावरणीय क्रियाकलापहरुको कार्यान्वयन, अनुगमन तथा सुपरीवेक्षण गर्नेछ । यसैगरी, पोखराको FIU ले अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रका लागि जिम्मेवार रहनेछ । सम्बन्धित FPU हरुमा सिभिल इन्जिनियर/ओभरसियर, वातावरणीय तथा सामाजिक विशेषज्ञ र परिचालक, लैंगिक समानता तथा सामाजिक समावेशीकरण (GESI) विशेषज्ञ, अर्थ/प्रशासन लगायतका कर्मचारीहरुको टोली रहनेछ ।

**१०. अनुगमन तथा मूल्यांकनः** यस आयोजनाले दुई प्रकारका अनुगमन गर्नेछः

(अ) आन्तरिक अनुगमन, र
आ) बाह्य/तेस्रो पक्ष अनुगमन ।

आयोजनाको सुरक्षण टोलीद्वारा अर्धबार्षिक रुपमा वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) र स्थल/उप-आयोजना विशेष दस्तावेजमा उल्लिखित वातावरणीय तथा सामाजिक सूचकहरुका आधारमा आन्तरिक अनुगमन गरिनेछ। यस बाहेक आयोजनाले स्वतन्त्र परामर्शदाताको सहयोगमा सुरक्षण (Safeguard) अनुपालनका सम्बन्धमा बाह्य/तेस्रो पक्ष अनुगमन गर्नेछ । तेस्रो पक्ष अनुगमन दुई पटक गरिनेछ । पहिलो- आयोजनाको दोस्रो बर्षको अवधिमा र दोस्रो- आयोजनाको चौथो बर्षमा । समग्र अनुगमन तथा मूल्यांकनको अधिनमा रही आयोजना अन्तर्गत कार्यान्वयन हुने सुरक्षण योजना र जोखिम न्यूनीकरण उपायहरुको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी आयोजना व्यवस्थापन इकाई (PMU) ले लिनेछ । यसमा सुरक्षणसँग सम्बन्धित अनुगमनका प्रमुख सूचकहरु, तिनीहरुको प्रमाणीकरण, अनुगमनको पटक (Frequency) तथा अनुगमन जिम्मेवारी संक्षित रुपमा स्पष्ट पारी तेस्रो पक्ष अनुगमनको व्यवस्था समेत गरिन्छ ।

**११. वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) कार्यान्वयनको बजेटः** बजेटमा सुरक्षण क्रियाकलापहरुकोयोजना तथा अनुगमन खर्च समावेश गरिएको छ। यसले सामाजिक तथा वातावरणीय जाँच/परीक्षण, वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना(ESMP), पूनर्वास नीतिगत रुपरेखा (RPF), जोखिमयुक्त समुदाय विकास योजना (VCDP) र लैंगिक कार्ययोजना (GAP) को कार्यान्जयन। वातावरणीय तथा सामाजिक विशेषज्ञ (E&S) लाई तिर्नुपर्ने शुल्क, गुनासो व्यवस्थापन संयन्त्रको कार्यान्वयन, सुरक्षण क्षमता विकास र अनुगमन तथा मूल्यांकन कार्य समेटिएका छन्। वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) कार्यान्वयनका कूल अनुमानित बजेट ८३,६७५,००० रुपैयाँ ( अक्षेरुपी आठ करोड छत्तीस लाख पचहत्तर हजार रुपैयाँ मात्र) रहेको छ ।

**१२. भैपरी आउने आपत्कालीन प्रतिकार्य-वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (CERC-ESMF):** ESMF मा “कम्पोनेन्ट (खण्ड)-५: CERC” थप भएकोले यसलाई सोही बमोजिम परिमार्जन गरिएको छ। कोभिड-१९ को महामारीलाई ध्यान दिँदै व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा जोखिम र प्रभाव सम्बन्धी निर्देशिकालाई थप सुदृढ तुल्याइएको छ । सम्भावित आपत्कालको प्रकार र प्रकृति तथा त्यसका लागि CERC मार्फत गर्न सकिने क्रियाकलापहरुको परिचायक सूची (Indicative List) अहिलेसम्म निर्धारण गर्न नसकिएको हुँदा यस ESMF ले CERC को सम्बन्धमा जोखिम तथा प्रभावहरुलाई सम्बोधन गर्दैन । त्यसैले प्रस्तुत ESMF ले CERC सँग सम्बन्धित सामाजिक तथा वातावरणीय सवालहरुलाई समेट्दैन । CERC मार्फत वित्तीय लगानी गरिएका सम्पूर्ण क्रियाकलापहरु विश्व बैंकको सुरक्षण नीतिको अधिनमा रहनेछन् । CERC लाई सक्रिय तुल्याइएको हकमा यस ESMF लाई अद्यावधिक वा विशिष्ट CERC-ESMF तयार गरी वा आवश्यकता अनुसार अतिरिक्त वातावरणीय तथा सामाजिक सुरक्षण उपकरणहरु (E&S Safeguard Instruments) तयार पारी CERC लाई त्यसरी सक्रिय तुल्याएको मितिले तीन महिनाभित्र सार्वजनिक गर्न सकिनेछ ।